फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः ७) थकेपुङ, पाँचथर, माघ ०८ गते, २०८१ साल (संख्याः १

**भाग-२**

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर**

कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता (पहिलो संसोधन) निर्देशिका, २०८१

**कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता (पहिलो संसोधन) निर्देशिका,२०८१**

**प्रस्तावना**ः फालेलुङ गाउँपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७९ लाई संसोधन गर्न वाञ्छनीय भएकोले फालेलुङ गाउँकार्यपालिकाले यो निर्देशिका बनाएको छ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका,२०८१" रहेको छ।

(२) यो निर्देशिका गाउँकार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ।

**(२) कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७९ मा संसोधन :** कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७९ को,-

(१) दफा ७ को उपदफा (ख) मा रहेका "प्रमुख प्रशासकीय अधिकृतको मुल्याकंन बमोजिम आवश्यकता अनुरुप अतिरिक्त भत्ता उपलब्ध गराउन सकिनेछ" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृतको मुल्याकंन तथा कार्यपालिकाको निर्णय वमोजिम आवश्यकता अनुरुप अतिरिक्त भत्ता उपलब्ध गराउन सकिनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७ को उपदफा (ङ) मा रहेका "गाउँकार्यपालिकाको कार्यालयमा काजमा कार्यरत लेखापाललाई अतिरिक्त कामजकाज गरे वापत अतिरिक्त भत्ता वापत मासिक २०,०००।– (अक्षेरेपि विस हजार मात्र)" भन्ने शब्दहरूको सट्टा "गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र लेखापाललाई अतिरिक्त कामजकाज गरे वापत अतिरिक्त भत्ता वापत मासिक २०,०००।– (अक्षेरेपि विस हजार मात्र)" भन्ने शब्दहरू राखिएका छन्।